निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. /Ref:

मितिः २०७८।०१।१४

# प्रेस विज्ञप्ति

## राष्ट्रिय सभा सदस्य उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि र बजेट सम्बन्धमा

निर्वाचन आयोगले सम्वत् २०७८ साल जेठ ६ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्यको उपनिर्वाचन सञ्चालनका लागि आर्थिक व्यवस्थापन सम्बन्धमा राष्ट्रिय सभा सदस्य उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७८ तयार गरेको छ । उक्त कार्यविधि अनुसार निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि जम्मा रू. १ करोड ६१ लाख ३० हजार बजेट अनुमान गरिएको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २७ र २८ अनुसार उक्त कार्यविधिमा सहमति र अनुमानित बजेट निकासाका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा लेखी पठाउन आयोगबाट मिति २०७८।०१।१४ मा निर्णय भएको हुँदा सो अनुसार नेपाल सरकार अर्थ मन्त्रालयमा पत्राचार समेत भएको छ ।

०७८।१।१४

राजकुमार श्रेष्ठ

निमित्त सचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np